# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र


खण्डः ५ | संख्याः ६ | मिति : २०७८/०३/१०


भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

गेरुवा गाउँपालिकाको आर्थिक सहायता कार्यविधि २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाल, गेरुवा गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ ।

संवत् २०७८ सालको नियम नं. ४

**गेरुवा गाउँपालिकाको आर्थिक सहायता कार्यविधि (प्रथम संशोधन), २०७६**

# गेरुवा गाउँपालिकाको
# आर्थिक सहायता कार्यविधि (प्रथम संशोधन), २०७६

गेरुवा गाउँपालिकामा छिटो, छरितो, मितब्ययी, पारदर्शी रुपमा आर्थिक सहायता प्रदान गर्न, गाउँपालिकाको कोषको सही सदुपयोग गरी गरिब, विपन्न, असहायहरु, विभिन्न रोगबाट पिडीत तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेको, ठुलो शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरुको सहायताको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी गेरुवा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "**गेरुवा गाउँपालिकाको आर्थिक सहायता कार्यविधि(प्रथम संशोधन), २०७६**" रहेको छ।

(२) यो कार्यविधि सभाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

## परिच्छेद-२

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. मापदण्डः दफा ३ मा उपदफा (४) थपिएको छ।

४) मिति २०७४/०४/०१ गते यता बाट बन्यजन्तुको आक्रमणमा परी निधन भएका गेरुवा गाउँपालिकामा बसोबास गर्ने नागरिकहरुलाई प्रति व्यक्ति एक पटकका लागि रु. ५०,०००/- रुपैया आर्थिक सहायता स्वरुप उपलब्ध गराईनेछ।

आज्ञाले,<br>
विष्णु प्रसाद गुरुङ<br>
प्रमुख प्रशासकीय अधिकृत